आज मिति २०८१ साल कार्तिक १० गते विहान १२:०० वजे शनिवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ४४ औं कार्यपालिका वैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | आमन्त्रित कर्मचारीहरु | | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री खेम शाही | इन्जिनियर | ठाँटीकाँध गापा दैलेख | |

४ श्री लव बहादुर सेनापति स. ई — ॥ —

८/७/१०

## मिति २०८१/०७/१० गतेको ४४ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १**

सडक वोर्ड नेपालको अनुदानबाट सञ्चालन हुने योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं.२**

चालु आ व मा सडक मर्मत सुधार सम्वन्धी भएको कामको समिक्षा सम्वन्धमा ।

**प्रस्ताव नं.३**

स्वीकृत योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

**प्रस्ताव नं.४**

जियो कृषि एप सञ्चालन सम्वन्धमा ।

**प्रस्ताव नं.५**

वास नेपालले प्रस्ताव गरेको सकारात्मक सोच विषयक तालिम सञ्चालन सम्वन्धमा ।

**प्रस्ताव नं.६**

गाउँपालिका राष्ट्रिय महासंघको पत्रानुसार हालै भएको वाढी पीडितको सहयोगार्थ आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

**प्रस्ताव नं.७**

कामकाजमा रहेका स्थानीय तहका कर्मचारीहरुको पदस्थापना सम्वन्धी निवेदनका सम्वन्धमा ।

**प्रस्ताव नं.८**

विभिन्न कार्यविधि र निर्देशिका तर्जुमा सम्वन्धमा ।

**प्रस्ताव नं.९**

विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धमा।

**प्रस्ताव नं.१०**

नदीजन्य पदार्थ उत्खनन्,ओसारपसार र विक्री वितरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ~~तयारी~~ सम्वन्धमा ।

**प्रस्ताव नं.११**

ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ तथा स्तरोन्नति सडक कालोपत्रे गर्ने सम्वन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ का लागि सडक वोर्ड नेपालबाट प्राप्त अनुदान रु १५ र यस गाउँपालिकाको लागत साझेदारीबाट व्यहोर्ने गरी निम्न योजना छनौट गर्ने र कार्यान्वयन स्वीकृतिका लागि सडक वोर्ड नेपालमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क्रमसंख्या | सडकको नाम | योजनास्थल | गर्नुपर्ने मुख्य मुख्य काम |
|---|---|---|---|
| १ | पुलवजार मटेला सडक | ठाटीकाँध गा पा १ | सो सडक खण्डको जिउनी भन्ने स्थानमा वायो ईन्जिनियरिग सहित ग्याविन जालि र नाला निर्माण |

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ व मा वडा कार्यालय र स्वास्थ्य चौकीहरु जोड्ने गाउँपालिकाभित्रका मुख्य मुख्य सडकहरु मर्मत सुधार सम्वन्धी काम वोलपत्रको माध्यमवाट खरिद सम्झौता भई काम भैरहेकोमा वडा स्तरीयससाना सडकहरु समेत मर्मत सुधारका लागि वडा कार्यालयहरुबाट अनुरोध भई आईरहेकाले ठेक्का गरी घटाघटबाट वचत रहन गएको रकम वाट खर्च हुनेगरी कोटेशन प्रक्रिया मार्फत  देहाय अनुसार थप ससाना वडा स्तरीय सडकहरु मर्मत कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

प्याकेज नं १: वडा नं ३ र ४

वडा नं ३ को तपशिलका सडकहरु

१ खुडखुडी माझखर्क वजाय सडक

२ ढिप्का भुवाखाडा कालिमाटी सडक

३ वाडीकाधारा माइकाथान ने रा आ वि सुइया सडक

वडा नं ४ को तपशिलका सडकहरु

१ वर्थिंग सेन्टर वाट पाथै जाने सडक

२ वर्थिंग सेन्टर बाट उर्लेनी जाने सडक

३ गैरागाउँ वाझपानी सडक

प्याकेज नं २: वडा नं १, २, ५ र ६

वडा नं १ को तपशिलका सडकहरु

१ मानाकोट नुवावन वौदे सडक

२ चौराह देखि वडा कार्यालय सडक

३ नदाइ देखि मटेला सडक

४ वगुरा देखि वडा कार्यालय सम्मको सडक

५ खातीगाउँ कोसेडी सडक

वडा नं २ को तपशिलका सडकहरु

१ ठाटीकाँध सिमेपातल सडक

२ जौचौर विजारे सडक

३ धनकोट नौलावन सडक

वडा नं ५ को तपशिलका सडकहरु

१ स्याउलेकाँध अधिकारीचौर चगत्रा सडक

वडा नं ६ को तपशिलका सडकहरु

१ लामामेला गुवायलसिम सडक

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ व २०८१।०८२ मा स्वीकृत भएका देहायका योजना तथा कार्यक्रम संशोधनका लागि सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

क) कर्णाली प्रदेश सशर्त अनुदान रु ५० लाख वाट यस गाउँपालिका अन्तर्गत वडा नं २ मा कार्यान्वयन हुने गरी स्वीकृत शेरीपाटा उनीकोट जौचौर मोटरवाटो स्तरोन्नति योजनाको एलाईन्मेण्ट परिवर्तन गरी सो को सट्टा शेरीपाटा वुडेनी जौचौर मोटरवाटो स्तरोन्नति योजना कायम गरी संशोधन गरिदिन कर्णाली प्रदेश सरकार,मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

ख) कर्णाली प्रदेश सरकार सामाजिक विकास कार्यालय दैलेखको चलानी नं ०७ र मिति २०८१।०५।०२ को पत्रानुसार सो कार्यालय मार्फत चालु आ व मा कार्यान्वयन हुने ५ वटा योजना मध्ये खेलमैदान निर्माण ठाटीकाँध गा पा वडा नं २ मा रु १५ लाख विनियोजन भएकोमा उक्त खेलमैदान निर्माण योजना सोही वडा स्थित विजारे चौरमा खेलमैदान निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा चालु आ व २०८१।०८२ को वन संरक्षण कार्यक्रमका लागि विनियोजित रकम रु ९७६०००।०० मध्ये वन हेरालुलाई गत आ व २०८०।०८१ को ज्याला भुक्तानी दिई बाँकी रहन गएको रकमबाट जियो कृषि पाथवे टेक्नोलोजिज एण्ड सर्भिसेज प्रा लि थापाथली काठमाण्डौले पेश गरेको मु अ कर बाहेकको रु २०५५००।०० को प्रस्तावना मध्ये गाउँपालिकाले मु अ कर सहित रु ११६१०७।५० पैसा लागत साझेदारी गरी उक्त संस्था मार्फत जियो कृषि एप सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा वागेश्वरी असल शासन वास नेपालले प्रस्ताव गरेको सकारात्मक सोच विषयक तालिम सञ्चालन सम्बन्धी प्रस्तावना अनुसार चालु आ व को चालु खर्च तर्फको जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास शीर्षकमा विनियोजित रु ५ लाख मध्येबाट रु १ लाखमा नबढ्ने गरी १ दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं.६ माथि छलफल गर्दा हालै मुलुकका विभिन्न स्थानमा आएको बाढी पहिरोका कारण धनजनको क्षति भएकोमा आवश्यक राहत तथा पुनःस्थापनाका लागि गाउँपालिका राष्ट्रिय महासंघको मिति २०८१।०६।२१ च नं ४२ को अनुरोध पत्रानुसार चालु आ व २०८१।०८२ को विपद् व्यवस्थान कोषबाट रु १०००००।०० बाढी पीडितको सहयोगार्थ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा संघीयताको कार्यान्वयन पश्चात् शुरु नियुक्ति तथा पदस्थापना भई एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा रहेका देहाय अनुसारका स्थानीय तहका कर्मचारीहरुले मिति २०८१।०६।२९ मा कर्णाली प्रदेश सरकार बाट प्रमाणिकरण भई जारी भएको स्थानीय सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा १३६ को पदस्थापना सम्वन्धी विशेष व्यवस्था अनुसार सोही दफाको उपदफा २ बमोजिम हाल कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापनाका लागि अनुरोध गरी विभिन्न मितिमा यस गाउँपालिकामा निवेदन पेश गरेकाले माग बमोजिम नै पदस्थापन गरिदिएमा फरक नपर्ने हुँदा सहमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | कर्मचारीको नामथर र संकेत नं | पद | पदाधिकार रहेको स्थानीय तह | हाल कामकाजमा रहेको स्थानीय तह |
|---|---|---|---|---|
| १ | सतल बहादुर वटाला-२३९६९३ | अ स ई सहायक चौथो प्राविधिक | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | नरहरिनाथ गाउँपालिका कालिकोट |
| २ | अविसरा रोकाय-२३६६४८ | प्रशासन सहायक पाचौं | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | भगवतीमाई गाउँपालिका दैलेख |

| | | | | |
|---|---|---|---|---|
| ३ | भरत थापा-२३९८१७ | अ स ई सहायक चौथो प्राविधिक | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | नौमुले गाउँपालिका दैलेख |
| ४ | दीपेन्द्र कुमार थापा-२३९६९१ | अ स ई सहायक चौथो प्राविधिक | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | दुल्लू नगरपालिका दैलेख |
| ५ | विष्णा कुमारी वम-२४१३०३ | अ स ई सहायक चौथो प्राविधिक | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | पलाता गाउँपालिका कालिकोट |
| ६ | शारदा रावत-२३६१४६ | प्रशासन सहायक पाचौ | पञ्चपुरी नगरपालिका सुर्खेत | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख |

निर्णय नं. ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा यस गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय अनुसारका विभिन्न कार्यविधि,निर्देशिका तर्जुमा गरी स्वीकृतिका लागि आगामी कार्यपालिका वैठकमा पेश गर्न सुशासन तथा संस्थागत समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

क) जनतासँग अध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

ख) जनतासँग उपाध्यक्ष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

ग) ठाटीकाँध गाउँपालिकाको आन्तरिक नियन्त्रण निर्देशिका, २०८१

घ) न्यायीक समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०८१

निर्णय नं. ९

प्रस्ताव नं.९ माथि छलफल गर्दा मिति २०८१।०७।१० गते भएको गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिका वैठकका निर्णयहरु एकमुष्ठ अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं.१० माथि छलफल गर्दा नदीजन्य पदार्थ उत्खनन्,ओसारपसार र विक्री वितरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०८० स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं.११ मा छलफल गर्दा ठाटीकाँध विजारे धनकोट काँध सडक नयाँ तथा स्तरोन्नति कार्यका लागि संघीय सरकार समपुरक अनुदानवाट रु १ करोड १५ लाख र गाउँपालिकावाट साझेदारी स्वरुप चालु आ व मा रु १ करोड १५ लाख गरी रु २ करोड ३० लाखको श्रोत सुनिश्चितता भएकोमा सो रकम बाट १ कि मी सडक कालोपत्रे गर्न अनुमान लागत अनुसार रु ३ करोड ८० लाख आवश्यक पर्ने,लागत अनुमान अनुसार रु १ करोड ५० लाख श्रोत अपुग भएको हुदाँ अपुग रकम आगामी गाउँसभावाट विनियोजन गर्ने सुनिश्चितता गरी कार्यपालिकाको वैठकवाट लागत अनुमान स्वीकृत गरियो। स्वीकृत लागत अनुमान अनुसार वोलपत्र आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।